जून 17 तारिख
फुकुओका जिल्ला

संकटकाल हटाइएपछि फुकुओका जिल्लाद्वारा अपनाइने उपायहरू (जून 19 तारिखदेखि)

मे 14 तारिखमा "संकटकाल" हटाइएपछिको संक्रमण स्थितिलाई मध्यनजर गर्दै, जून 1 तारिखदेखि फुकुओका जिल्लाले किता-क्युस्यु सहर बाहेक अन्य ठाउँहरूमा संक्रमण फैलिन नदिनको लागि अपनाइएका उपायहरूलाई खुकुलो पार्ने निर्णय गरेको छ। साथै हामीले संक्रमितको सङ्ख्यामा उल्लेखनीय वृद्धि देखिएको किता-क्युस्यु सहरमा भने पहिले जसरी नै अनावश्यक तथा तत्काल नगरे पनि हुने कामको लागि घर बाहिर नजान र केही भवन र सुविधाहरू बन्द गर्न अनुरोध गर्ने आदि गर्दै आएका थियौं।

हालसम्म समझदारी तथा सहयोग गरिदिनुहुने अधिकांश जिल्लावासी, सम्पूर्ण व्यापारव्यवसायीहरूका साथै चिकित्सा सेवाको अग्रपङ्क्तिमा कडा मेहनत गरिरहनुभएका स्वास्थ्यकर्मीहरू लगायतका अन्य विभिन्न क्षेत्रमा सक्रिय भई समाजलाई योगदान पुर्‍याइरहनुभएका सम्पूर्ण महानुभावहरू प्रति पुनः एक पटक कृतज्ञता व्यक्त गर्न चाहन्छौं।

किता-क्युस्यु सहरमा मे 23 तारिखदेखि जून 16 तारिखसम्मको अवधिमा जम्मा 156 जना संक्रमित पत्ता लागेको थियो। तर गत हप्ता, प्रति दिनको संक्रमित व्यक्तिको औसत सङ्ख्या 1.4 जना भएको, आदिबाट संक्रमण कम हुँदै आइरहेको कुरा बुझ्न सकिन्छ। साथै विज्ञहरूले पनि संक्रमण कम भइरहेको छ भनी मूल्याङ्कन गरेका छन्।

साथै फुकुओका जिल्लामा यसपछि संक्रमण फैलिएको अवस्था आएमा, स्वास्थ्य संस्थालाई बिरामीको बेड तयार गर्ने जस्ता बिरामी राख्न सकिने प्रणालीको व्यवस्था गर्न अनुरोध गर्नको लागि आफ्नै संकेतहरू "फुकुओका कोरोना चेतावनी" निर्धारण गरी, यी संकेतहरूको आधारमा व्यापक निर्णय गरी, चिकित्सा क्षेत्रमा चाप बढ्ने जोखिम भएमा, जिल्लावासीका साथै सम्पूर्ण व्यापारव्यवसायीहरूले चाल्नुपर्ने कदमहरूबारे विचार गर्न सुरु गर्ने योजना बनाइएको छ।

हालको स्थिति यो "फुकुओका कोरोना चेतावनी" सँग दाँजेर हेर्दा, चिकित्सा सेवा प्रणाली सुनिश्चित गर्ने कार्यको तयारी गर्ने स्तरमा नपुगेको र चिकित्सा सेवा प्रणालीमा पनि पर्याप्त क्षमता भएको कुरा थाहा हुन्छ।

माथिका कुराहरूबाट हामीले फुकुओका जिल्लामा संक्रमणको नियन्त्रण तथा रोकथाम र चिकित्सा सेवा प्रणाली कायम तथा सुनिश्चित गर्ने कार्यहरू गर्दै बिस्तारै सामाजिक आर्थिक गतिविधिहरूको स्तरलाई बढाएर अघि बढ्ने निर्णय गरेका छौं।

1. किता-क्युस्यु सहरमा जारी अनुरोधहरू हटाइने

जून 19 तारिखदेखि किता-क्युस्यु सहरमा जारी निम्न अनुरोधहरू हटाइनेछ।

1. किता-क्युस्यु सहरवासीलाई जिल्ला भित्र र जिल्ला बाहिर, अनावश्यक तथा तत्काल नगरे पनि हुने कामको लागि घर बाहिर नजान गरिएको अनुरोध
2. किता-क्युस्यु सहरमा समारोह (इभेन्ट आदि) को आयोजना नगर्न गरिएको अनुरोध
3. किता-क्युस्यु सहरका ग्राहकहरूलाई सत्कार गरिने खानपिनका व्यवसायहरू र लाइभ हाउस बन्द गर्न गरिएको अनुरोध

यसका साथै अस्थायी रूपमा बन्द गरिएको जिल्लाद्वारा सञ्चालित काम्मोन-काइक्यो सङ्ग्रहालय, किता-क्युस्यु कार्यरत

युवा सांस्कृतिक केन्द्र (किता-क्युस्यु प्यालेस) र हिराओदाइ प्रकृति अवलोकन केन्द्र पनि जून 19 तारिखदेखि खुला गरिनेछ।

2. जून 19 तारिखदेखि (किता-क्युस्यु सहर सहित जिल्लाभरि) लागू हुने कुराहरू

(1) घर बाहिर जानेबारे

1. होक्काइदो जिल्ला, साइतामा जिल्ला, चिबा जिल्ला, टोक्यो जिल्ला र कानागावा जिल्लामा जानु अगाडि होसियारीपूर्वक निर्णय गर्न गरिएको माग जून 19 तारिखदेखि हटाइनेछ।

2. यस पछि पनि घर बाहिर जाने बेला, गन्तव्यको संक्रमण स्थितिबारे पर्याप्त विचार गरी, होसियारीपूर्वक निर्णय गर्नुपर्नेछ।

साथै हरेक व्यक्तिले पूर्ण रूपमा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू अपनाउनुपर्नेछ। यसका साथसाथै पर्याप्त संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू नअपनाइएका ठाउँहरूमा नजानुहोस्।

3. पर्यटन प्रवर्द्धनको सन्दर्भमा, यस अघि जिल्ला भित्रको पर्यटनबाट सुरु गर्ने भनेर भनिएको थियो तर जून 19 तारिखदेखि जिल्ला बाहिरको पर्यटकलाई पनि स्वागत गर्न सकिनेछ।

(2) समारोह (इभेन्ट आदि) को आयोजनाबारे

समारोह (इभेन्ट आदि) को सन्दर्भमा, यस पछि पनि निम्न मापदण्ड अनुसार आयोजना गर्नुपर्नेछ (प्रदर्शनी, व्यापार मेला आदि पनि यसै अनुसार आयोजन गर्नुपर्नेछ)

चरणबद्ध रूपमा समारोह (इभेन्ट आदि) को आयोजना प्रतिबन्ध खुकुलो गर्ने मापदण्ड [PDF फाइल/35KB]

## चरणबद्ध रूपमा समारोह (इभेन्ट आदि) को आयोजना प्रतिब खुकुलो गर्ने

| समय | इभेन्ट (कन्सर्ट आदि) | प्रदर्शनी आदि | जापानभरि आवतजावत गर्नुपर्ने गतिविधिहरू (व्यावसायिक खेलहरू आदि) | ओमाचुरी (चाडपर्व) तथा खुला ठाउँमा गरिने कार्यक्रम आदि (मान्छेको सङ्ख्या व्यवस्थापन गर्न कठिनाइ हुने कार्यक्रमहरू) | |
|---|---|---|---|---|---|
| | | | | जापानभरि वा फराकिलो क्षेत्र वा सहभागी सङ्ख्या ठम्याउन कठिनाइ | सहभागी सङ्ख्या लगभग ठम्याउन सम्भव स्थानीय कार्यक्रमहरु |
| ~जून 18 तारिख | [भवन भित्र] 100 जना वा सोभन्दा कम तथा मान्छे अट्ने कुल क्षमताको आधा जति भित्र [खुला ठाउँ] 200 जना वा सोभन्दा कम तथा एक अर्का बीच पर्याप्त दूरी कायम (सकेसम्म 2m) | | आयोजना गर्न नसकिने | रद्द गर्ने कुरालाई पनि ध्यानमा राखी होसियारीपूर्वक आयोजनाबारे विचार गर्ने | जापानभरि वा फराकिलो क्षेत्रमा मान्छेले आवतजावत गर्नु नपर्ने कार्यक्रम भई, सहभागी सङ्ख्या लगभग ठम्याउन सकिने कार्यक्रम आदिको आयोजना सम्भव |
| | बन्द स्थानमा ठूलो स्वर निकाल्ने गतिविधि, एक अर्का बीच पर्याप्त दूरी कायम राख्न नसकिने गतिविधि आदिबारे होसियारीपूर्वक आवश्यक उपायहरू अपनाई, फुकेर बजाउने बाजाहरूमा पनि ध्यान दिने | सीमित सङ्ख्यालाई मात्र प्रवेश गराउने जस्ता एक अर्का बीच पर्याप्त दूरी कायम राख्न नसकिने गतिविधि आदिबारे होसियारीपूर्वक आवश्यक उपायहरू अपनाउने | | | |
| जून 19 तारिख~ | [भवन भित्र] 1000 जना वा सोभन्दा कम तथा मान्छे अट्ने कुल क्षमताको आधा जतिसम्म [खुला ठाउँ] 1000 जना वा सोभन्दा कम तथा एक अर्का बीच पर्याप्त दूरी कायम (सकेसम्म 2m) | | दर्शक बिना आयोजना | रद्द गर्ने कुरालाई पनि ध्यानमा राखी होसियारीपूर्वक आयोजनाबारे विचार गर्ने | जापानभरि वा फराकिलो क्षेत्रमा मान्छेले आवतजावत गर्नु नपर्ने कार्यक्रम भई, सहभागी सङ्ख्या लगभग ठम्याउन सकिने कार्यक्रम आदिको आयोजना सम्भव |
| | बन्द स्थानमा ठूलो स्वर निकाल्ने गतिविधि, एक अर्का बीच पर्याप्त दूरी कायम राख्न नसकिने गतिविधि आदिबारे होसियारीपूर्वक आवश्यक उपायहरू अपनाई, फुकेर बजाउने बाजाहरूमा पनि ध्यान दिने | सीमित सङ्ख्यालाई मात्र प्रवेश गराउने जस्ता एक अर्का बीच पर्याप्त दूरी कायम राख्न नसकिने गतिविधि आदिबारे होसियारीपूर्वक आवश्यक उपायहरू अपनाउने | दर्शकविहीन भए तापनि पूर्ण रूपमा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू अपनाइनुपर्ने र आयोजकद्वारा खेल समयमा र खेल अघि र पछि खेलाडी आदिको आचरण व्यवस्थापन गरिनुपर्ने | | |

(3) भवन र सुविधाहरूको संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू

यस पछि पनि सम्पूर्ण भवन र सुविधाहरूका व्यवस्थापकहरूले "चारैतिर खाली ठाउँ छोडेर मेच राख्ने", "नयाँ ग्राहक भित्र्याउनु अगाडि उचित ढंगमा निसंक्रमण र सरसफाइ गर्ने" जस्ता भवन र सुविधाको प्रकृति अनुसार निश्चित र पूर्ण रूपमा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू अपनाउनुपर्नेछ।

विशेष गरी देशव्यापी रूपमा क्लस्टर भएको भवन र सुविधाहरूमा सुनिश्चित ढंगमा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरू अपनाउनुपर्नेछ।

(4) कार्यस्थलमा जाने आदि

घरमा बसेर अफिसको काम गर्ने (टेलेवर्क), काम सुरु र समाप्त समय परिवर्तन गर्ने, साइकलमा कार्यस्थलमा जाने आदि गरी अरूलाई भेट्ने अवसरहरू कम गर्नुहोस्।

(5) नयाँ जीवनशैलीको कार्यान्वयन

यस पछि पनि संक्रमण नियन्त्रण तथा रोकथामका लागि सबैले आ-आफ्नो दैनिक जीवन अनुसार "नयाँ जीवनशैली", जस्तै कि मास्क लगाउने, हात धुने, एक अर्का बीचको दूरी कायम गर्ने, तीन अवस्थाहरू (बन्द ठाउँ, भिडभाड र नजिकै बसेर कुराकानी गर्नुपर्ने परिस्थिति) बाट टाढा रहने र दैनिक जीवनको हरेक परिस्थितिसँग मिल्ने नयाँ शैली कार्यान्वयन गर्नुपर्नेछ।

※उच्च तापक्रम र आर्द्रता भएको बेला मास्क लगायो भने हिट स्ट्रोक हुने जोखिम बढ्ने खतरा हुनाले "खुला ठाउँमा एक अर्का बीच पर्याप्त दूरी (2m वा सोभन्दा बढी) कायम राख्न सक्ने खण्डमा, मास्क फुकाल्ने", "वरपरको मान्छेबाट पर्याप्त दूरी (2m वा सोभन्दा बढी) कायम राख्न सक्ने ठाउँमा, मास्क फुकालेर केही क्षण आराम गर्ने" आदि गरी, उचित ढंगमा मास्क फुकाल्ने गरेमा हिट स्ट्रोकबाट बच्न सकिन्छ।

(6) स्वास्थ्य संस्था आदिबाट परामर्श लिनेबारे

1～3 मध्येको कुनै एकमा पर्ने खण्डमा, "विदेशबाट जापानमा फर्केर आएको व्यक्ति र सम्पर्कमा आएको व्यक्तिको लागि परामर्श केन्द्र" बाट परामर्श लिनुहोस्।

सास फेर्न गाह्रो (श्वासप्रश्वासमा समस्या), बेस्कन शरीर थाकेर आलस्य (थकान महसुस), उच्च ज्वरो जस्ता गम्भीर लक्षणहरू मध्ये कुनै एक भएको खण्डमा

संक्रामक रोग गम्भीर हुने सम्भावना बढी भएको व्यक्ति वा गर्भवती महिलालाई ज्वरो, खोकी जस्ता तुलनात्मक हिसाबमा हलुका रुघाखोकीका लक्षणहरू भएको खण्डमा

माथि उल्लिखित व्यक्ति बाहेकका व्यक्तिहरूमा लगातार तुलनात्मक हिसाबमा हलुका रुघाखोकीका लक्षणहरू देखिइरहेको खण्डमा

ज्वरो, खोकी जस्ता रुघाखोकीका लक्षणहरू भएको कारण सधैँ जँचाउने चिकित्सकलाई देखाउन जाने बेला, सिधै नगईकन, अनिवार्य रूपमा जानु अगाडि फोन गरी परामर्श लिनुहोस्।

3. मानव अधिकार उल्लङ्घनबारे

नोभल कोरोना भाइरस (कोभिड 19) प्रतिको चिन्ता र पूर्वाग्रहका कारण संक्रमित तथा स्वास्थ्यकर्मी, सामाजिक कार्यहरू कायम राख्ने काममा लागेका व्यक्ति र ती व्यक्तिहरूको परिवार आदिको निन्दा वा ती व्यक्तिहरू प्रति

भेदभावपूर्ण व्यवहार गरिने जस्ता मानव अधिकार उल्लङ्घनका घटनाहरू घटिरहेका छन्।

निर्दयी र भेदभावपूर्ण व्यवहार कुनै पनि हालतमा स्वीकार्य हुनेछैन। सम्पूर्ण जिल्लावासीलाई यस्ता कुराहरूमा कदापि सामेल नभईकन, सही जानकारीको आधारमा आत्मसंयम भई कामकुरा गर्न अनुरोध गर्दछौं।

4. अन्त्यमा

तपाईंहरू सबैको सहयोगले गर्दा यस पटक किता-क्युस्यु सहरमा संक्रमण फैलिन कम भइरहेको छ र यसै कारण हामीले जिल्लाभरि संक्रमण फैलिएर संक्रमणको दोस्रो लहर आउने स्थितिलाई रोक्न सकिरहेका छौं।

यसपछि सामाजिक आर्थिक गतिविधिहरूको स्तरलाई बढाउँदै अघि बढ्ने क्रममा जुनसुकै बेला, जुनसुकै ठाउँमा पनि संक्रमित पत्ता लाग्न सक्छ। औषधि वा भ्याक्सिन नबनेसम्म, हामीले लामो समय संक्रामक रोग नोभल कोरोना भाइरस (कोभिड 19) को सामना गर्दै अघि बढ्नुपर्ने हुन्छ।

यो लडाइँलाई जित्ने वा नजित्ने भन्ने कुरा हरेक जिल्लावासीको सचेतता र जिल्लावासीले गर्ने कामकुरामा भर पर्ने हुनाले, पुनः स्थानीय शक्ति र एकताको आवश्यक पर्दछ। अहिलेसम्मको प्रयासलाई खेर जान नदिनको लागि सचेत रहन नबिर्सीकन, संक्रमण फैलिनबाट रोक्न सकिने "नयाँ जीवनशैली" को कार्यान्वयन र पूर्ण रूपमा संक्रमण नियन्त्रण तथा रोकथामका उपायहरूलाई व्यवहारिक रूपमा अपनाउनुहोस्।

सबैलाई असुविधा पुग्न जाने कुरा हामीले बुझेका छौं तर फेरि घर बाहिर नजान र भवन र सुविधाहरू बन्द आदि गर्न अनुरोध गर्न नपर्ने गरी, तपाईंहरूको समझदारी तथा सहयोगको लागि अनुरोध गर्दछौं।